नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं.

मिति :२०७७।०९।२८

## प्रेस विज्ञप्ति

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) र दफा ५(५) बमोजिम आर्थिक वर्ष ०७६/०७७ तीनै तहको सरकारको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तयार गरी महालेखापरिक्षक कार्यालय र अर्थ मन्त्रालयमा पेश गरिएको छ। आ.व. २०७६/०७७ मा संघीय सरकारको कुल राजस्व प्राप्ति रु ८ खर्व ४१ अर्व ३१ करोड २४ लाख र खर्च रु १० खर्व ९१ अर्व १३ करोड ५२ लाख रहेको छ। राजश्व प्राप्ति तथा बजेट खर्च शुरु अनुमानको क्रमश ७५.६६ % र ७१.१८ रहेको छ। प्रदेश सरकारको संञ्चित कोषमा रु २ खर्व ३१ अर्व प्राप्ति भई रु १ खर्व ५६अर्व खर्च भएको देखिन्छ। स्थानीय तहको वित्तीय प्रतिवेदन पहिलोपटक सुत्र (SuTRA) प्रणालीबाट तयार गरिएको छ। यो बर्ष ७५३ वटै स्थानीय तहको आय व्यय एकीकृत गरिएको छ। स्थानीय तहहरुको कुल प्राप्ति रु ४ खर्व ४ अर्व ३० करोड र कुल खर्च रु ३ खर्व २० अर्व ५ करोड रहेको छ।

समग्र सरकार (तीनै तहको सरकार) को बजेट तथा खर्चमा दोहोरो परेको रकम हटाए (Elimination ) पश्चात कुल बजेट रु १८ खर्व ९० अर्व १ करोड र कुल खर्च रु ११ खर्व ९१ अर्व ५ करोड रहेको छ। प्राप्ति तर्फ आन्तरिक ऋण र बैदेशिक स्रोत बाहेक राजश्व प्राप्ति रु १० खर्व ४७ अर्व २३ करोड देखिएको छ। आन्तरिक ऋण रु १ खर्व ९४ अर्व ९० लाख, बैदेशिक ऋण रु १ खर्व १६ अर्व ४८ करोड र बैदेशिक अनुदान रु १८ अर्व ८८ करोड ५७ लाख प्राप्त भएको छ। विस्तृत प्रतिवेदन यस कार्यालयको वेवसाइट www.fcgo.gov.np मा प्रकाशित गरिनेछ।

ज्ञानेन्द्र पौडेल

प्रवक्ता तथा सहमहालेखा निर्यन्त्रक

सह–महालेखा नियन्त्रक